WWW.ASKNETWORK.NET

Nepali

राष्ट्रहरू माग्नु

जब परमेश्वरले भजनसंग्रह २:८ मा भन्नुभयो कि, “मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु।” येशूका चेलाहरूको रूपमा हामीलाई माग्नका लागि दिइएको यस निमन्त्रणाप्रति प्रतिक्रिया जनाउन सक्छौँ।

माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ,
ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ।
मत्ती ७:७

राष्ट्रहरू माग्नु

माग्नु भनेको प्राथमिक महत्त्वको कुरो हो। हामीले बारम्बार, निरन्तर र जानाजानी माग्नुपर्छ, तर हामीले माग्नै पर्छ! येशूले भन्नुभयो, जब हामी केही **माग्छौं** तब हामीलाई **दिइनेछ**।

राष्ट्रहरूलाई खोज्नु

यसको अर्थ हामीले अझ धेरै जान्नुपर्छ, हामीले माग्ने कुरामा निर्देशित र स्पष्ट हुनुपर्छ, अनि हार मान्नुहुँदैन भन्ने हो। येशूले भन्नुभयो कि, जब हामी **खोज्छौं** तब हामीले **भेटाउनेछौं**।

राष्ट्रहरूकहाँ ढक्ढक्याउनु

जब हाम्रो माग्ने कार्य यति दृढ र निरन्तर हुन्छ कि हामी वास्तवमै **ढकढक्याउन** थाल्छौं, तब हामी हरेक अवरोधलाई पार गर्न सक्छौं। येशूले यसलाई **उघारिएको ढोकाको** रूपमा चित्रण गर्नुभएको छ।

राष्ट्रहरूका लागि तपाईंले गर्ने प्रार्थनाद्वारा के हुनेछ भन्ने कुराको दर्शन परमेश्वरसँग माग्नुहोस्।

यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। प्रकाश ७:९

राष्ट्रहरूका लागि परमेश्वरको प्रेम र करुणा पाउन उहाँसँग माग्नुहोस्।

“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।” — यूहन्ना ३:१६

राष्ट्रहरूका लागि परमेश्वरसँग ठूला-ठूला कुराहरू माग्नुहोस्।

“उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।” — एफिसी ३:२०

हामीले कसरी निम्न कार्य गर्न सक्छौं भन्ने बारे केही तरिकाहरू सिक्न यो कार्ड पल्टाउनुहोस्: राष्ट्रहरूलाई **माग्नुहोस्, खोज्नुहोस् र ढक्ढक्याउनुहोस्।**

माग्दा परमेश्वरको राज्य आउँछ।
राष्ट्रहरूलाई कसरी माग्ने ... खोज्ने ... ढक्ढक्याउने

विभिन्न राष्ट्रहरूका लागि प्रार्थना गर्न **विशेष बाइबल खण्डहरू दिनुहोस्** भनी परमेश्वरसँग माग्नुहोस्। भजनसङ्ग्रह ११९:१३०

समाचारहरू हेर्नुहोस् र मुख्य समाचारमा आइरहेका राष्ट्रहरूका लागि प्रार्थना गर्नुहोस्। १ इतिहास १२:३२

सम्बन्धका सूत्रहरूलाई पछ्याउनुहोस्। यदि कुनै राष्ट्रमा तपाईंका साथीहरू बस्छन् वा सेवकाइ गर्छन् भने, उनीहरूका लागि र त्यस राष्ट्रका लागि प्रार्थना गर्न सुरु गर्नुहोस्। एफिसी ६:१८–१९

कुनै निश्चित समयावधिसम्म विशेष प्रार्थनाको आवश्यकता भएका राष्ट्रहरूको निम्ति प्रार्थना गर्न परमेश्वरले तपाईंको हृदयमा बोझ दिनुभएको होस् भनी **परमेश्वरसँग माग्नुहोस्।** दानिएल २:२२

सुसमाचार नपुगेका जातिहरू लक्षित गरी, त्यहाँ सुसमाचार सुनाउने सेवकहरू पठाउनुहोस् भनी परमेश्वरसँग माग्नुहोस्।। यशैया ४५:२२-२३

राष्ट्रहरू स्वतन्त्र होऊन् भनी **उपवाससहित प्रार्थना गर्नुहोस्।** यशैया ५८:५

जानकारी राख्नुहोस्। कुनै राष्ट्रको बारेमा सकेसम्म धेरै जानकारी जुटाउनुहोस्। (स्रोतहरू www.ASKNetwork.net मा सूचीबद्ध छन्) हितोपदेश २:१-६

अरूलाई तपाईंसँग जोडिन आमन्त्रित गर्नुहोस् र आफ्नो दर्शन बाँड्नुहोस्। मत्ती १८:१९-२०

राष्ट्रहरूका लागि प्रार्थना गर्दा, त्यस राष्ट्रमा **अन्तरबिन्ती गर्नेहरू खडा गर्नुहोस्** र सम्भव भए त्यहाँ आस्क (ASK) नेटवर्कसमेत स्थापना गर्नुहोस् भनी प्रभुसँग माग्नुहोस्। लूका १०:२

नक्सामाथि हात राखेर प्रार्थना गर्नुहोस्, र प्रार्थना गर्दै **भजन गाउनुहोस् र आराधना गर्नुहोस्।** उत्पत्ति १३:१७

प्रभुका नाउँहरू घोषणा गर्नुहोस् र राष्ट्रहरूमाथि शासन गर्ने उहाँको अधिकार घोषणा गर्नुहोस्।
१ शमूएल १७:४५ (नामहरूको सूची www.ASKNetwork.net मा उपलब्ध छ)

प्रार्थना गर्न, प्रेम बाँड्न र सुसमाचार सुनाउन विभिन्न **राष्ट्रहरूमा जान पाऊँ** भनी परमेश्वरसँग माग्नुहोस्। मत्ती २८:१९

मिसन यात्रामा **जानेहरूका लागि नियमित रूपमा प्रार्थना** गर्ने प्रतिबद्धता गर्नुहोस्। एफिसी १:१५-१७

तपाईंको मिसनसम्बन्धी दर्शनलाई विस्तार गरिदिनुहोस् भनी प्रभुसँग माग्नुहोस्।
यसलाई सरल राख्नुहोस्!

"परमेश्वर र मानिसहरूका लागि कसैले गर्न सक्ने सबैभन्दा महान् काम भनेको नै प्रार्थना हो। गर्नुपर्ने काम यो मात्र होइन, तर यो सबैभन्दा महत्त्वपूर्ण काम हो।" एस. डी. गोर्डन

साँच्ची नै म देख्छु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहाँसँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। प्रेरित १०:३४-३५